**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन् ।
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ३१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 14 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५३

## आयोगले सत्यताको धरातललाई टेकेर कार्य गर्छ -अध्यक्ष कार्की

प्रस, रौतहट, ३० वैशाख/

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग र सरोकारवालाबीच अन्तर्क्रिया शनिवार जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ ।




तस्वीरः प्रतीक

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले छलफलद्वारा समस्याको समाधान खोज्ने प्रयास गर्ने बताए । वास्तविक पीडितको पहिचान गरी न्याय दिलाउन अग्रसर हुने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताए। उनले आयोगले छलफलद्वारा आएका सुझावलाई प्राथमिकतामा राख्ने बताए ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जाँचबुझ आयोग गठन हुनुअगावै रौतहटमा ९२ वटा उजूरी दर्ता भएकामा आठवटा फछ्र्योट भइसकेको बताए ।

उनले आयोग गठन भएपछि हालसम्म २०९ वटा उजूरी परेका र हिजो एकै दिन १५२ वटा गरेर ३६१ वटा उजूरी दर्ता भइसकेको जानकारी गराए ।

रौतहटका १८ वटा पालिकामध्ये सबैभन्दा बढी कटहरिया नगरपालिकाबाट ३५ वटा उजूरी परेको र राजदेवी नगरपालिकाबाट एउटा पनि उजूरी नपरेको प्रजिअ मिश्रले बताए । प्रजिअ मिश्रले गरुडा नपाबाट २७, गौर नपाबाट ११ लगायत अन्य पालिका गरी ३६१ वटा उजूरी जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको जाँचबुझ आयोगलाई जानकारी गराएका थिए ।

उजूरीहरूमा बढी औषधोपचारको लागि रकम लिएको तथ्याङ्क रहेको बताउँदै उक्त उजूरीहरूको वास्तविकता छानबीन गर्न आयोगसमक्ष पेश गरिने उनले बताए ।

आयोगको टोलीसमक्ष राजदेवी नगरपालिकाका प्रमुख भिखारीराय यादव, माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथप्रसाद यादव, दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंह, बौधिमाई नगरपालिकाका प्रमुख प्रदीप यादव, वृन्दावन नगरपालिकाका प्रमुख विनोद कुर्मी, नेपाल बार एशोसिएशन रौतहटका अध्यक्ष नन्दकिशोर साह, रौतहट उद्योग वाणिज्य सङ्घका अध्यक्ष पण्डितप्रसाद जयसवाल, नागरिक समाजका अध्यक्ष जगन्नाथप्रसाद केशरी, पूर्वनगरप्रमुख धीरेन्द्र सिंह, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झा, शाखा अध्यक्ष प्रेमचन्द्र झा, राप्रपाका सत्येन्द्र सिंहलगायतले ऐन लागू भएदेखि समाजमा नकारात्मक असर परेको बताएका थिए । उनीहरूले अहिले कुनै साहुमहाजन लगानी गर्न तयार नरहेको तथा बैंकले ऋण दिन महीनौंसम्म दौडधूप गराएर पनि ऋण नदिएकोले धेरैजसो घरायसी कार्य प्रभावित भएको बताए । उनीहरूले यो विषयलाई धेरै नलम्ब्याएर छलफलद्वारा चाँडो टुङ्गो लगाउन आग्रह गरे ।

अन्तर्क्रियामा उठेका जिज्ञासाहरूलाई आयोगका अध्यक्ष कार्की र सदस्यद्वय उत्तमराज सुवेदी र गणेशबाबू अर्यालले मेटाउने प्रयास गरेका थिए ।

## ३२ महिलासहित २४७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० वैशाख/

वीरगंजमा शनिवार विभिन्न स्थानमा रक्तदान भएको र ३२ जना महिलासहित २४७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।




तस्वीरः प्रतीक

वीरगंज युवा समाजले होटल मकालुमा आयोजना गरेको रक्तदान कार्यक्रममा २४ जना महिलासहित ११९ जनाले रक्तदान गरेको समाजका अध्यक्ष सञ्जीव थापाले बताए ।

शिक्षिता थापा, मोनिका सुवेदी, मनीषा रौनियार, अश्मिरा खातुन, उर्मिला बैद, दीपक प्रसाद, विनोद अधिकारी, श्यामबाबू यादव, मनोज रानामगर, ओमप्रकाश पटेल, मुकेश राउत, अर्जुन श्रीवास्तवलगायतले सर्राफ, विजय नकर्मी, अभिनाश साहलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए ।

यसैगरी, नेपाल बीमा प्राधिकरणले ५५औं वार्षिकोत्सवको अवसरमा आदर्शनगरमा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ८० जनाले रक्तदान गरेका थिए ।

पूर्णिमा शर्मा, बिना श्रीवास्तव, रुक्मणी चौधरी, दिलीप सहनी, किशोर रक्तदान गरेका थिए ।

यसैगरी, नेपाली काङ्ग्रेसले वीरगंज–८ गहवा धर्मशालामा आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ४८ जनाले रक्तदान गरेका थिए ।

नेपाली काङ्ग्रेसका रवीन्द्र ठाकुरद्वारा आयोजित रक्तदान कार्यक्रममा सरिता चौधरी, मिथिलेश ठाकुर, रामप्रकाश सर्राफ, राहुल गुप्ता, रितेश गुप्तालगायतले रक्तदान गरेका थिए ।

## काठ चोर तस्कर पत्ता लगाउन वन समूहलाई तीन दिने अल्टिमेटम

प्रस, निजगढ, ३० वैशाख/

निजगढ नगरपालिका–९ स्थित नदीकाट आसपासका क्षेत्रबाट ठूलो परिमाणमा चार दिनअघि सालका गोलिया बरामद भएसँगै स्थानीय वन समूहलाई तीन दिने अल्टिमेटमसहितको पत्राचार डिभिजन वन कार्यालय, बार ाले गरेको छ ।

सो घटनामा संलग्न काठ चोर तस्कर पत्ता लगाउन निजगढ सबडिभिजन वन कार्यालयले बकैया ठाकुर सामुदायिक वन उपभोक्ता समूह र आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहलाई पत्राचार गरेको सहायक वन अधिकृत रघुनाथ दासले बताए ।

बस्तीनजीकैको स्थानीयहरूका बारीमा जमीनमुनि गाडेर, घरगोठ बनाउने जस्तै गरी सडक बाटो आसपास बारीमा ठड्याइएको र अन्य स्थानमा लुकाइएका सालका गोलिया चोरी तस्करमा संलग्नहरूको पहिचान खुल्ने गरी लिखित जानकारी पेश गर्न पत्रमा जनाइएको सवअ दासले बताए ।

वन क्षेत्रबाट गोलिया ल्याइ बस्तीमा राखे पनि वन समूहले वन कार्यालयलाई कुनै जानकारी नदिएको उनले आरोप लगाए।

स्थानीय वन समूह सक्रिय रहँदा पनि काठ तस्करहरू सक्रिय हुनुले वन समूहको वन संरक्षणको भूमिकामाथि नै प्रश्न

(बाँकी तेस्रो पातामा)



कोल्हवी नपा–९ श्रीपुरबाट बरामद गरिएको सालको काठ गोलाई । तस्वीरः प्रतीक

## अतिक्रमित वन क्षेत्रको अनुगमन

नरेश यादव, पर्सागढी, ३० वैशाख/

सखुवाप्रसौनी गाउँपालिका–१ सखुनिया गाउँनजीकैको वन क्षेत्रको आज निरीक्षण गरिएको छ ।



तस्वीरः प्रतीक

सो वन क्षेत्र अतिक्रमण गरेर भौतिक संरचनाहरू तैयार भएको र तारबार लगाइएको क्षेत्रमा स्थानीयले खेतीपाती गरेको समाचार प्रतीक दैनिकमा प्रकाशित भएपछि शनिवार सो स्थानको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, डिभिजन वन कार्यालयका प्रमुख सुभाषचन्द्र दास, वन अधिकृत फरमान मियाँलगायतले अनुगमन गरेका थिए ।

वन क्षेत्रको करीब ९० बिघा जग्गा स्थानीयहरूले अतिक्रमण गरेर पक्की घरटहरा बनाएको, खेतीपाती गरेको र अतिक्रमणाको अभिप्रायले पक्की पर्खालसमेत निर्माण गरिएको प्रतीक दैनिकमा समाचार प्रकाशित भएको थियो।

वन क्षेत्रको सो जग्गा सहायक वन अधिकारी शशिकान्त तिवारीको मिलेमतोमा अतिक्रमण गरिएको र उनले सो क्षेत्रबाट अनधिकृत रकम उठाउने गरेको अडियो बाहिरिएपछि उनलाई निलम्बन गरिएको छ ।

सो क्षेत्रमा अतिक्रमण बढेपछि त्यसलाई रोक्न मधेस प्रदेश सरकारले वन संरक्षणका लागि आव २०७७/७८ मा ६० लाख ७५ हजार त्यसपछि २५ लाख, लगत्तै १८ लाख ८० हजार र अहिले पुनः १० लाख वन कार्यालयलाई बजेट निकासा गरिसकेको छ ।

वन क्षेत्रको जग्गा संरक्षणका लागि आयोजित तालीम गोष्ठीमा लाखौं रुपियाँ खर्च भइसकेको छ। मधेस प्रदेश, हरित प्रदेशको नाममा आएको रकम पनि वन कर्मचारीहरूले भ्रष्टाचार गरेको आरोप छ । निलम्बनमा परेका तिवारीले यस सम्बन्धमा सर्वोच्चमा रिट दायर गरेका थिए । सर्वोच्चले वन अतिक्रमण हुन नदिन अन्तरिम आदेश जारी गरेको थियो। तर सो क्षेत्रको वन सर्वोच्चको आदेशपश्चात् पनि अतिक्रमणको शिकार हुँदै आएको छ ।

आज अनुगमनमा गएको टोली पनि रित्तो हात फर्किएको छ । सो क्षेत्रमा अतिक्रमण हटाउन वन कार्यालयले पटकपटक प्रयास गरेको जनाए पनि अहिलेसम्म सो ठाउँमा थुप्रै सङ्ख्यामा घर बनेका छन् भने खेतीपाती पनि हुँदै आएको छ । वनले तारबार लगाएको क्षेत्रमा पनि खेतीपाती भएको छ ।

वनले हरित प्रदेशको नाममा आएको बजेट वृक्षारोपण र तारबारमा खर्च गरेको जनाए पनि एउटै वृक्ष पनि त्यहाँ देखिंदैन, तारबार भने छ ।

## दलितसँग दुर्व्यवहारको आरोपमा पुजारी पक्राउ

प्रस, सिम्रौनगढ, ३० वैशाख/

सिम्रौनगढ र अमृतगंजस्थित प्रसिद्ध रानीवास रामजानकी मन्दिरका पुजारी निमित्त महन्त अनिरुद्ध मिश्रलाई प्रहरीले दलितसँग दुर्व्यवहार गरेको आरोपमा पक्राउ गरेको छ ।

उनले तातो भातको माड सिम्रौनगढ–२ निवासी परशुराम हजराको छोरा अनमोल हजरामाथि फ्याँकेका थिए ।

तातो माडले पासवान घाइते भएका र उनको वीरगंजमा उपचार भइरहेको छ। पासवान मन्दिर परिसरमा घुमफिर गर्दै भान्साकोठामा प्रवेश गरेपछि निमित्त महन्त मिश्र आक्रोशित हुँदै उनीमाथि तातो माड फ्याँकेका थिए ।

पक्राउ परेका पुजारी मिश्रले पासवान गाँजा खानको लागि चुलोमा आएका र उनलाई डराउनको लागि माड फ्याँकेको तर भूलवश उनीमाथि नै परेको बताए ।

निमित्त महन्त मिश्रले आफूले नियतवश सो कार्य नगरेको र भूलवश भएको प्रहरीसमक्ष बयान दिएका छन् ।

पासवानले भने मन्दिर घुम्ने क्रममा भूलवश भान्सामा प्रवेश गरेको र आफूलाई पुजारीले नानाथरीका गाली गरेर तातो माड फ्याँकेको बयान दिएका छन् ।




घाइते पासवान । तस्वीरः प्रतीक

सूचना ! सूचना !! सूचना !!!

**सामाजिक सुरक्षा कोष मातहतका स्वास्थ्य बीमा कार्यक्रमको लाभ उठाउन अनुरोध**

Health Check-Up तथा रोगको उपचारसमेतमा ८० प्रतिशतको छुट हुने स्वास्थ्य बीमा व्यवस्थाको सुविधा यस नेशनल मेडिकल कलेज शिक्षण अस्पतालबाट उपलब्ध गराइरहेकोमा त्यस सुविधाको लाभ उठाउन सबै सामाजिक सुरक्षा कोषमा दर्ता रहेका कर्मचारी तथा सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छौं ।

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल**
**वीरगंज**

## विचारसार र सूक्तिहरू

**आहार शुद्ध भएपछि अन्तःकरण शुद्ध हुन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# उत्कृष्ट र पवित्रतम् भावना हो प्रेम

मानवजीवनका अनेक अनुभूतिलाई विभिन्न माध्यमबाट र तार्किकरूपले बुझ्न र बुझाउने प्रयास हाम्रो समाजमा भइरहन्छ र यी अनुभूतिमा जुन अनुभूतिलाई सबैभन्दा बढी परिभाषित गर्ने प्रयास गरिएको छ, त्यो हो– प्रेम। अनुभूतिहरूको यथार्थ अभिव्यक्ति हुन सकोस्, त्यसलाई परिभाषा र शब्दको तर्कजाल आदिमा बाध्न सकौं, यो पूर्णरूपले सम्भव छैन तर पनि यसको लागि पूरै प्रयास गरिन्छ। जसरी मीठो, टर्रो, अमिलो, पिरो, तीतो स्वादको यथार्थ अनुभव त्यसलाई चाखेर मात्र गर्न सकिन्छ, त्यसै प्रकार प्रेमको स्वादको यथार्थ अनुभव त्यसलाई अनुभव गरेर मात्र गर्न सकिन्छ।

प्रेम कस्तो हुन्छ ? त्यसको अनुभूति कस्तो हुन्छ ? यसलाई मान्छेले राम्ररी जान्ने प्रयास गर्छन्, त्यसलाई पाउने प्रयास पनि गर्छन्। प्रेम मनुष्यको सबै भावनामध्ये सबैभन्दा उत्कृष्ट र पवित्रतम भावना हो। 'प्रेम' शब्द नै यस्तो हो, जसलाई सुन्दा, अनुभव गर्दा वा अभिव्यक्त गर्दा व्यक्तिको मनमा मधुर भाव उम्रिन थाल्छ र साथै यसको कारण एक विशेष प्रकारको अनुभूतिको आभास हुन थाल्छ र मनमा कल्पनाको संसार पनि सजाउन थाल्छ र लहरसरह मनमा विचारको आवेग सलबलाउन थाल्छ, तर के यस प्रेमको व्याख्या गर्न सकिन्छ ? सकिंदैन, किनभने प्रेममा यति गहिराइ छ कि त्यसको थाहलाई समात्न असम्भव छ, यसैले प्रेमको अनन्त र अनेक परिभाषा र अभिव्यक्ति मानिसले फरक–फरक दिएका छन् तर पनि लाग्छ कि यसमा अहिले पनि केही बाँकी छ।

प्रेमको वास्तविक परिभाषालाई बुझ्न र बुझाउनमा कहिलेकाहीं व्यक्तिको सम्पूर्ण जीवन नै बित्छ, तर पनि ऊ कुनै निष्कर्षमा पुग्न सक्दैन; किनभने न त कुनै निश्चित रूप छ, न स्वरूप। यो मात्र मनुष्यको विचार, भावना र हृदयको गहिराइमा रचेर बसेको छ, जुन कहिल्यै पनि, कतै पनि कुनै पनि माध्यमबाट परिलक्षित हुन्छ। वास्तवमा प्रेम गर्नु सबै प्राणी र जीवजन्तुको स्वभावमा जन्मजातदेखि नै हुन्छ, जुन अभिव्यक्तिको तरीका सबैमा भिन्दाभिन्दै हुन्छ। मनुष्यमा यो प्रवृत्ति सर्वाधिक विकसित छ; किनभने ऊ सोचबुझको शक्तिको अलावा वाक्शक्ति र शारीरिक अभिव्यक्तिद्वारा पनि आफ्नो प्रेमलाई व्यक्त गर्ने क्षमता राख्छ। यो क्षमता अन्य जीवजन्तुमा हुँदैन।

मनुष्य जीवनमा प्रेमको भिन्दाभिन्दै रूप समाहित छ। मनुष्य आफ्नो बाल्यावस्थामा आफ्नो मातापिता र भाइबहिनीसँग सबैभन्दा बढी प्रेम गर्छ, त्यसपछि जब ऊ ठूलो हुँदै जान्छ, उसको प्रेमको परिधि पनि विस्तार हुन थाल्छ र त्यसपछि उसको प्रेमको परिधिमा सम्पूर्ण परिवार, प्रियजन, मित्रजन, समाज र राष्ट्र समावेश हुन थाल्छ। जति व्यक्तिको मन र हृदय ग्रन्थिमुक्त र विशाल हुन्छ, उत्तिकै पवित्र प्रेम उसको मनमा परम व्यापकताको साथ बस्छ।

मातापितासँग गरिएको प्रेम जन्मजात र रक्त सम्बन्धित हुन्छ, जुन आजन्म निर्वाह गर्नुपर्ने र नचुँडिने हुन्छ, यसमा निस्स्वार्थ प्रेमको भावना, आशा र विश्वास पनि निहित रहन्छ। भाइबहिनीसँग गरिएको प्रेम–स्नेहको डोरीले बाँधिएको हुन्छ, जुन आपसी कर्तव्यबोधलाई निर्वाह गर्नुका साथै व्यक्तिको सुख–दुःखमा साथ निभाउने भाव र अपनत्व लिएको हुन्छ। यस प्रकार दुई अनजान व्यक्तिको प्रेम पति–पत्नीको सम्बन्धको रूपमा हुन्छ। जुन माया, विश्वास, समर्पण र सामञ्जस्यको धरामा टिकेको हुन्छ। यसको अलावा समाज र राष्ट्रसँग प्रेम–सामाजिक संरचनासँग तालमेल बसाउन, जीवनयापनको आवश्यकता पूर्तिको लागि तथा समाज र राष्ट्रको हितको लागि आवश्यक पाइला चाल्न हेतु पनि हुन्छ।

> **यस प्रकार प्रेम हाम्रो जीवनका सबै अनुभूतिको केन्द्रबिन्दु हो। जहाँ प्रेम छ, त्यहाँ श्रद्धा छ, त्यही मित्रता छ, समर्पण छ, सेवा र विश्वास छ। प्रेम जीवनको रस हो, यसको अभावमा व्यक्तिको जीवन नीरस हुन्छ, यसैले प्रेमबाट सिञ्चित हृदयमा नै सच्चा मानवताको बास हुन्छ।**

यी सबैभन्दा माथि ईश्वरीय प्रेम हुन्छ। ईश्वर देखिंदैन तर उसद्वारा निर्मित यस सृष्टिलाई देख्न सकिन्छ। जो यस सृष्टिको कण–कणमा विद्यमान छन्, तर मूर्तिमान छैनन्। त्यस ईश्वरसँग प्रेम गर्नु सजिलो नभए पनि गाऱ्हो पनि छैन। जब व्यक्तिको भावना परम व्यापक बन्न थाल्छ, परिष्कृत हुन्छ, पवित्र हुन्छ, तब मात्र ऊ ईश्वरसँग यथार्थमा जोडिन सक्छ र उसले ईश्वरसँग प्रेम गर्न पाउँछ, अनुभव गर्न पाउँछ। मानवले ईश्वरसँग प्रेम गर्दा ईश्वरलाई अगाध श्रद्धा र शक्तिबाट परिपूर्ण गरिदिन्छ। जसरी मीराको कृष्ण प्रेम र उसको भक्ति। सूरदासको कृष्ण प्रेम, तुलसीदासको हनुमानप्रति प्रेम र भक्ति, रामसीताको प्रति प्रेम र भक्ति। सन्त नामदेव, सन्त एकनाथ, सन्त तुकाराम, चैतन्य महाप्रभु आदिको प्रेम र भक्ति अविरल थियो। आफ्नो यस प्रेम र भक्तिलाई अभिव्यक्त गर्नमा उनीहरूको भित्रबाट काव्य प्रवाहित भएको थियो। उनीहरू नाच्न थाले, गाउन थाले, रोएर पनि भगवान्लाई पुकार्न थाले र उसको पुकारबाट भगवान् पनि द्रवित भए र भगवान्लाई आफ्नो अनुराग र अनुग्रहबाट सरोबर गरिदिए।

प्रेममा संवेदना हुन्छ, अत्यधिक ऊर्जा हुन्छ र यो ऊर्जाले हाम्रो बुद्धिमाथि पर्दा लगाउँछ तर यदि विवेकको प्रयोग भयो भने प्रेममा होश नगुमाईकन पनि यस ऊर्जालाई रूपान्तरण गरेर यसलाई कतै पनि प्रयुक्त गर्न सकिन्छ। ध्यान, यसै प्रेमको आध्यात्मिक रूपान्तरण हो। यस जगत्मा सर्वाधिक मूल्यवान् प्रेम हो। प्रेम यदि पाइन्छ भने मानौं परमात्मा नै पायौं। जसले प्रेमलाई बुझेन, उसले प्रार्थना पनि गर्न सक्दैन।

प्रेम सिर्जनात्मकताको शिखर हो र यस पारबाट त्यस पारलाई जोड्ने सेतु हो। प्रेमले जोड्छ– शरीरलाई आत्मासँग, शब्दलाई शून्यसँग। यदि हृदयमा प्रेम छ भने हामीलाई सम्पूर्ण दुनियाँ फुलेको फूलसरह गम्किन्छ। जसले प्रेमको यस ऊर्जालाई रूपान्तरित गरेको छ, उसले भक्तिको स्वाद पनि चाखेको छ र परमात्माको सान्निध्यलाई अनुभव गरेको हुन्छ।

प्रेममा त्यो शक्ति छ, जुन सूक्ष्म वातावरणलाई शुद्ध गर्न सक्छ, परिष्कृत गर्न सक्छ। यस्तो स्थान जहाँ कुनै प्रेमीले आफ्नो सम्पूर्ण जीवन ईश्वरको प्रतीक्षामा व्यतीत गरेको छ, त्यो स्थान एक प्रकारले तीर्थस्थलको रूपमा परिवर्तित हुन पुग्छ। जो व्यक्ति वास्तवमा प्रेमले भरिएको हुन्छ, उसको मात्र उपस्थितिले पनि मानिसलाई आनन्दित गर्छ। जब ईश्वरको प्रेमले भरिएको भक्तले कुनै कार्य गर्छ, तब त्यो कार्य मूल्यवान् हुन पुग्छ।

यस प्रकार प्रेम हाम्रो जीवनका सबै अनुभूतिको केन्द्रबिन्दु हो। जहाँ प्रेम छ, त्यहाँ श्रद्धा छ, त्यही मित्रता छ, समर्पण छ, सेवा र विश्वास छ। प्रेम जीवनको रस हो, यसको अभावमा व्यक्तिको जीवन नीरस हुन्छ, यसैले प्रेमबाट सिञ्चित हृदयमा नै सच्चा मानवताको बास हुन्छ।

# विकासको अर्थराजनीति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

> **विकासका प्राथमिकतामा एकरूपता नहुने हो भने राजनीति वा सत्ता स्थिर हुँदैमा अर्थतन्त्र सुधार हुँदैन। एउटा मन्त्रालयको मन्त्री फेरिनेबित्तिकै नीति नै परिवर्तन हुने रोगको उपचार नभएसम्म विकासका अवरोधको निदान सम्भव छैन।**

राजनीतिक स्थिरता र आर्थिक विकास एकअर्काका पूरक हुन्। पहिला राजनीतिक स्थिरता कि आर्थिक विकास भन्ने प्रश्न पहिला अन्डा कि कुखुरा भनेजस्तै हो। जहाँ राजनीति स्थिरता हुन्छ, त्यहाँ आर्थिक विकास र समृद्धि बलियो हुन्छ। त्यस्ता ठाउँका मानिस सुखी हुन्छन्। उनीहरू राजनीतिक अस्थिरताको कारण बन्दैनन्। जहाँ अविकास, गरीबी र अभाव छ, त्यहाँ अशान्ति, अव्यवस्था र त्यसको परिणाम राजनीतिक व्यवस्था नै उथलपुथल हुन्छ। जसले राजनीतिकरूपमा अस्थिरता उत्पादन गर्छ। राजनीतिक स्थायित्वका लागि आर्थिक विकासका मुद्दाहरूमा राजनीतिको समान दृष्टिकोणको खाँचो छ।

निकट छिमेकी श्रीलङ्का यसको ताजा उदाहरण हो। त्यहाँ आर्थिक सङ्कटले राजनीतिक उथलपुथल ल्याइदियो। जनताले नेतालाई लखेटीलखेटी कुटेका दृश्य सामाजिक सञ्जालहरूमा भाइरल बने। शासक देश छोडेर भाग्नेसम्मको अवस्था बन्यो। अफगानिस्तानका राष्ट्रप्रमुख विद्रोहका अगाडि टिक्न नसकेर देश छोडेर भागे। यस्ता धेरै उदाहरण छन्, आर्थिकरूपमा उत्पन्न असफलताले राजनीतिक विद्रोह र त्यसको बलमा सत्ता उलटपुलट भएका छन्। राजनीति र आर्थिक व्यवस्था आपसमा जोडिएका मात्र छैनन्, यिनीहरूको अन्तरसम्बन्ध छ। आवधिक निर्वाचनमार्फत सत्तामा गएको दल पूरा समय सत्तामा रहिरहनु मात्र स्थिरता होइन। विकासका सूचक र आर्थिक वृद्धिको अङ्कको बढोत्तरी मात्र पनि विकासको मानक होइन। आम नागरिकको जीवनशैलीमा सुधारको प्रत्याभूति मात्रै विकासको सार्थकता हो।

हामीकहाँ आर्थिक विकासको अवरोधको रूपमा राजनीतिलाई लिने गरिएको छ। नेपालको आर्थिक विकास हुन नसक्नुको मुख्य दोष राजनीतिक अस्थिरतामाथि जाने गरेको छ। यो बुझाइ आंशिक सत्य हो। सत्य त यो हो कि, नेतृत्वले सापेक्ष विकासलाई प्राथमिकतामा राख्न चाहेको छैन। नेतृत्वले देशलाई आर्थिकरूपमा सबल बनाउन नसक्दा त्यसबाट उत्पन्न असमानता र अभावलाई राजनीतिक अस्थिरताको माध्यम बनाइएको छ। कतिपयका लागि गरीबी, अभाव र पछौटेपन नै राजनीतिक स्वार्थको औजार बनिरहेको हुन सक्छ। दैनिकका यी अव्यवस्थाको निकासले राजनीतिक मुद्दा सकिने भ्रमबाट त्यस्तो राजनीतिक मुक्त हुन नसकेको भान हुन्छ।

२००७ सालयताको ७० वर्षलाई हेर्ने हो भने हामीकहाँ तीव्र गतिमा राजनीतिक व्यवस्था परिवर्तन भएको देखिन्छ। २००७ सालको राजनीतिक परिवर्तन एक दशक पनि टिक्न सकेन। २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे। २०३६ सालमा जनमत सङ्ग्रह भयो। त्यसको १० वर्षपछि पञ्चायती व्यवस्था ढलेर बहुदल आयो। त्यसको आधा दशक पनि नबित्दै माओवादी विद्रोह शुरू भयो। माओवादीको हिंसात्मक राजनीतिक शान्ति प्रक्रियामार्फत मूलधारमा अवतरण भएसँगै मधेस आन्दोलनलगायतका राजनीतिक घटनाक्रमहरू भए। यी सबै राजनीतिक घटनाक्रमले समाजमा व्याप्त आर्थिक असमानता, अविकासलाई मुद्दा बनाए, तर सत्तामा पुगेपछि सबै मुद्दा अवसान भए।

संविधान बनाउनै १० वर्षसम्म समय लाग्यो। यसबीचमा अनेक अस्थिरता र अन्योलका आयामहरू समाधान त भए। अहिले पुनः सङ्घीयताविरोधी र राजतन्त्र पक्षधरहरूको बोली बलियो हुँदै गएको छ। यी सबै राजनीतिक परिवर्तनका पछाडि अविकास र गरीबीका उपजहरू मुख्य कारणको रूपमा रहेका छन्। मानिसको यो संवेदनालाई राजनीतिले आफ्नो स्वार्थसिद्धिको औजार मात्र बढी बनाएको भान हुन्छ। आज पनि नागरिक गास, बास र कपासजस्ता आधारभूत आवश्यकताका लागि सङ्घर्ष गरिरहेको अवस्था छ। गुणस्तरीय जीवन त आम नागरिकको कल्पनाभन्दा बाहिरको कुरा भयो। यो राजनीति र नेतृत्वको कमजोरी मात्र होइन, असफलता नै हो।

राजनीतिक स्थिरता भनेको सत्तामा एउटै दल वा नेताको स्थायित्व भन्ने चाहिं पक्कै होइन। व्यवस्था, प्रणाली र नीतिको स्थायित्वको कुरा हो। कुनै पनि राजनीति सत्तामा पुगोस्, त्यसले लिने आर्थिक र विदेश नीतिमा एकरूपता भयो भने आर्थिक विकास स्वाभाविक गतिमा अघि बढिरहेको हुन्छ। सत्तामा राजनीतिकरूपमा जो पुगोस्, सरकारको आर्थिक नीतिमा एकरूपता हुँदा त्यसले आर्थिक विकासलाई अवरुद्ध बनाउँदैन।

हामीकहाँ नीतिहरू यति अस्थिर छन् कि सत्ता त परको कुरा मन्त्री फेरिंदासमेत नीतिगत प्राथमिकता परिवर्तन हुन्छन्। यसले विकासको गति र प्राथमिकतामा नकारात्मक प्रभाव पारिरहेको हुन्छ।

स्मरण हुन्छ, एक दशकअघि वीरगंजमा देशका पाँचजना पूर्वप्रधानमन्त्रीलाई एकै मञ्चमा भेला पारेर विकास नीतिमा प्रतिबद्धता लिने काम भएको थियो। ती तिनै दलका शीर्ष नेताहरू थिए, जो अहिले पनि मुख्य पार्टीका नेताहरू छन्। प्रकारान्तरले तिनै दल र तिनै नेता सत्तामा आसीन भइराखेका छन्। यसको तात्पर्य यो थियो कि राजनीतिकरूपमा वैचारिक मतैक्यता जेजस्तो भएपनि विकासका सवालमा दलहरूको 'बटमलाइन' एकै होओस्। सत्तामा जुन राजनीति पुगे पनि आर्थिक विकासको प्राथमिकता र गति प्रभावित नहोओस् भन्ने नै थियो।

त्यति बेलाको साझा प्रतिबद्धतामा हस्ताक्षर गर्ने शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराईहरू अहिले पनि कुनै न कुनै रूपमा राजनीति मात्र नभएर सत्ता निर्माणको निर्णायक हैसियतमा छन्। तीमध्ये कतिपय नेता त यो १० वर्षमा पटकपटक प्रधानमन्त्री बनिसके। स्वयम् प्रचण्ड अहिले देशको कार्यकारी प्रमुख छन्। तर ती कुनै पनि नेताले आआफ्नो दलमा त्यस विकास प्रतिबद्धताको बारेमा छलफलसमेत चलाएको जानकारी छैन। मानौं, ती दलका नेताहरू विकासका ती १२ बुँदे साझा प्रतिबद्धताबारे बेखबर छन्। विकासका साझा प्रतिबद्धताको उद्देश्य सत्तामा जो पुगे पनि आर्थिक विकासका प्राथमिकता एकैनास रहनेछन् र त्यसबाट विकासको गति प्रभावित हुनेछैन भन्ने नै हो। तर हाम्रो राजनीतिमा हुन नसकेको काम पनि यही हो।

विकासका प्राथमिकतामा एकरूपता नहुने हो भने राजनीति वा सत्ता स्थिर हुँदैमा अर्थतन्त्र सुधार हुँदैन। एउटा मन्त्रालयको मन्त्री फेरिनेबित्तिकै नीति नै परिवर्तन हुने रोगको उपचार नभएसम्म विकासका अवरोधको निदान सम्भव छैन। प्राथमिकता स्पष्ट हुने हो भने राजनीतिमा अनेक समस्या र अस्थिरता हुँदाहुँदै पनि विकासमा अघि बढ्न समस्या हुँदैन। उदाहरणको रूपमा जापानलाई लिन सकिन्छ। त्यहाँ सन् १९८० को दशकमा नेशनल डेमोक्रेटिक पार्टीले शासन गरेको थियो। तर देशको कार्यकारी प्रमुख भने निरन्तर परिवर्तन भइरहेको थियो। त्यसबीचमा जापानको अर्थतन्त्रको विस्तारमा कुनै खालको अवरोध भएन।

हामीकहाँ आर्थिक विकासका लागि राजनीतिक स्थिरता भनेको कुनै दललाई स्पष्ट बहुमतसहितको सरकार बनाइदिने भन्ने भाष्य स्थापित गर्न खोजिएको छ। स्मरण गरौं, २०१५ सालमा नेपाली काङ्ग्रेसले दुई तिहाइ बहुमतको सरकार बनाएको थियो। सत्तासीन दलको आन्तरिक विग्रहलाई कारण देखाएर राजा महेन्द्रले सत्ता हातमा लिए। २०४८ सालमा नेपाली काङ्ग्रेसले बहुमत ल्यायो, आफ्नै कारणले मध्यावधिमा गयो। २०५६ सालको बहुमत पनि उपयोग गर्न सकेन। राजनीति आरोह–अवरोहपछि २०७४ मा नेकपाले दुई तिहाइ बहुमतसहित सरकार बनायो। नयाँ संविधान जारी भएको र दुई तिहाइ बहुमतसहित सरकार बनेपछि अब विकासको मूल फुट्ने भयो भन्ने आपेक्षामा त्यति बेला तुषारापात हुन शुरू भयो, जतिखेर केपीशर्मा ओली नेतृत्वको सरकार जनहितभन्दा पनि माफिया, बिचौलिया र भ्रष्टाचारीको पक्षपोषक बनेर उभियो। यतिसम्म कि नेकपाको अन्तरसङ्घर्षको परिणाम, ओलीले प्रतिनिधिसभा विघटन गर्न पुगे। त्यसलाई न्यायालयले उल्टाएन मात्र, ओलीलाई बालुवाटारबाट बालकोटको बाटो देखाइदियो। राजनीतिक नेतृत्व केवल सत्ताको निर्माण र विघटनमा लाग्दा विकास प्राथमिकताबाट हट्यो। सत्तामा जो भएपनि आर्थिक विकास आफ्नो गतिमा त्यति बेला मात्र अघि बढ्न सम्भव हुन्छ, जतिखेर समृद्धिको मुद्दामा सम्पूर्ण राजनीतिक शक्तिको मतैक्यता र दृष्टिकोण समानरूपमा निर्माण हुन्छ।

## जनकपुरधाम उपमहानगरको आगामी रणनीति

# आन्तरिक आयवृद्धि र प्राथमिक क्षेत्रमा लगानी

जनकपुरधाम, ३० वैशाख/रासस

मधेस प्रदेश राजधानीका रूपमा रहेको धनुषाको जनकपुरधाम उपमहानगरपालिकालाई स्थानीय जनताका आवश्यकता पूर्ति गर्दै हेर्न लायक प्रादेशिक शहर बनाउनुपर्ने जिम्मेवारीसमेत छ। त्यसैमा पौराणिक, ऐतिहासिक एवं धार्मिक शहरको स्थापित पहिचानलाई मध्यनजर गर्दै धार्मिक पर्यटनमैत्री विकास गतिविधि सञ्चालन गर्नु उपमहानरपालिकाको अर्को दायित्व छ। यसलाई पूरा गर्न अन्दाजको भरमा काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै प्राथमिकतामा आधारित विकास योजना र आन्तरिक आम्दानीको दायरा बढाउनुपर्ने चुनौती उपमहानगरलाई छ।

"स्थानीय जनताका आवश्यकता, प्रादेशिक र अन्तर्राष्ट्रिय समुदायलाई समेत आकर्षित गर्नेगरी व्यवस्थित धार्मिक शहर बनाउनुपर्ने दायित्व उपमहानगरको काँधमा छ। हाम्रालागि यो अवसर र चुनौती दुवै हो," उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले भने, "त्यसका लागि विगतमा भएका राम्रा अभ्यासको अनुसरण र सुधार्नुपर्ने पक्षाको प्राथमिकीकरण गरी आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटबाट केही फरक गर्ने सोचसहित अगाडि बढ्छौं।"

उनले जनकपुरधाम उपमहानगरपालिकाको एक्लै प्रयासले महत्त्वपूर्ण कार्य गर्न सजिलो नरहेको भन्दै नागरिक, सङ्घ तथा प्रदेश सरकारको पनि यसमा ठोस योगदान जरुरी रहेको बताए। "स्थानीय जनताका आवश्यकता मात्रै पूर्ति गर्नुपर्ने भए सोही अनुसारको योजना बनाउँथ्यौं तर हेर्न लायक स्वच्छ प्रादेशिक र ऐतिहासिक धार्मिक शहरको संवेदनालाई पनि ख्याल गरेर विकास योजना कार्यान्वयन गर्नुपर्नेछ। त्यसका लागि जिम्मेवारीपूर्वक कर तिर्ने नागरिक, नागरिकमैत्री सेवाप्रवाह र योजनाबद्ध विकास खाकासहितको पर्याप्त लगानी सुनिश्चितता अहिलेको आवश्यकता हो," नगरप्रमुख साहले भने।

उपप्रमुख किशोरी साहले पनि जनकपुरधामको ऐतिहासिक संवेदनशीलतालाई मध्यनजर गरी तथ्य र प्राथमिकतामा आधारित ठोस योजना बनाउन आगामी आर्थिक वर्षको बजेटबाट निश्चित सङ्कल्प लिनुपर्ने आवश्यकता औंल्याए। चालू आवमा पहिले २० प्रतिशत र अन्तिममा ५० प्रतिशत बजेट कटौती हुँदा भोग्नुपरेको समस्यालाई सिकाइका रूपमा लिनुपर्ने भन्दै नगरप्रमुख साहले आफ्नै आम्दानी बढाउँदै जानुपर्ने

(बाँकी तेस्रो पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## जी–७ वित्त प्रमुख आपूर्ति शृङ्खला विविधीकरणमा जोड

निगाता, ३० वैशाख/एएफपी

जी–७ राष्ट्रहरूले यस वर्ष आपूर्ति शृङ्खला विविधीकरण गर्न साझेदारी



तस्वीरः एएफपी

योजना शुरू गर्ने योजना बनाएका छन्। सो समूहका अर्थमन्त्रीहरूले अर्को हप्ता हुन लागेको प्रमुख शिखर सम्मेलनअघि जापानमा वार्तापछि शनिवार सोबारे आफ्नो धारणा सार्वजनिक गरेका छन्।

मन्त्रीहरूले स्वच्छ ऊर्जा प्रविधिमा केन्द्रित पहलको प्रेरणाको रूपमा चीन वा रूससँगको व्यापारमा निर्भरता कम गर्ने इच्छालाई भने प्रत्यक्षरूपमा उल्लेख गरेका छैनन्।

संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सुरक्षा चिन्तालाई उद्धृत गर्दै चीनलाई चिप कम्पोनेन्टहरूमा निर्यात नियन्त्रणको लागि एक धक्का दिएको र ट्रेजरी सेक्रेटरी जेनेट येलेनले विश्वव्यापी अर्थतन्त्रमा हालैका झटकाहरूलाई त्यसैको सापेक्षमा औंल्याएका छन्।

"रूसको युक्रेनविरुद्धको युद्ध र महामारीका कारणले हुने अवरोधहरूले विविध र लचिलो आपूर्ति शृङ्खलाको महत्त्वलाई स्पष्ट पारेको छ," उनले पत्रकार सम्मेलनमा औंल्याएका छन्।

जापानी वित्तमन्त्री शुनिची सुजुकीले पनि कोभिडले "सप्लाई चेनहरूको नकारात्मक पक्ष"बारे आफ्नो धारणा राखेका छन्। संयुक्त विज्ञप्तिमा जी–७ का अर्थमन्त्रीहरू र केन्द्रीय बैंकका प्रमुखहरूको समूहले यस वर्षको अन्त्यसम्ममा विश्व बैंकसँगको सहकार्यमा साझेदारी शुरू गर्ने आशा व्यक्त गरेका छन्।

शनिवार वित्त वार्ता समाप्त भएपछि मन्त्रीहरूले रूसमा जारी प्रतिबन्धप्रति आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन्। प्रतिबन्धहरूलाई लागू गर्न सँगै मिलेर काम गरिरहेको बताएका छन् तर त्यसबारे ठोस नयाँ कदमहरू घोषणा भने गरेनन्।

उनीहरूले भर्खरै बैंकिङ क्षेत्रको उथलपुथलपछि वित्तीय स्थायित्व सुदृढ गर्ने आवश्यकतामा जोड दिँदै भनेका छन्– सरकारहरू उपयुक्त कारबाही गर्न तयार छन्। तीन क्षेत्रीय अमेरिकी बैंकहरू मार्चको शुरूदेखि नै ध्वस्त हुँदा ग्राहकबीच त्रास बढेको छ।

बैंकिङ प्रणालीमा डाटा, पर्यवेक्षक र नियामक त्रुटिहरू सम्बोधन गर्ने वाचा गर्दै वित्त प्रमुखले भने हाम्रो वित्तीय प्रणाली लचिलो छ भनेर जोड दिन भने छोडेका छैनन्। निगाता वार्तामा ब्रजील, भारत र इन्डोनेशियाका अर्थमन्त्रीहरूसँगै आइएमएफ, ओइसिडी र विश्व बैंकका प्रमुखहरू पनि सहभागी थिए।

विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रले पहिलोपटक पूर्वनिर्धारितको सामना गर्नुपर्दा अमेरिकी ऋण सीमाको गतिरोधले छलफललाई आंशिकरूपमा ओझेलमा पारेको थियो। रासस

## पिटिआईका थप ५४० जना नेता, कार्यकर्ता पक्राउ

लाहोर, ३० वैशाख/एएनआई

हिंसाको आरोपमा इमरान खानको पार्टीका थप ५४० जना नेता तथा कार्यकर्ता पक्राउ परेका छन्।

लाहोरको कोर्प्स कमान्डर हाउसलगायात सार्वजनिक र निजी भवनमा आक्रमण गरेको आरोपमा प्रान्तभर आतङ्कवादविरोधी ऐन अन्तर्गत दायर गरिएका मुद्दामा पञ्जाब प्रहरीले थप ५४० जनालाई गिरफ्तार गरेको छ। पक्राउ पर्नेहरूमा इमरान खान नेतृत्वको पाकिस्तान तहरीक–ए–इन्साफ (पिटिआई)का सदस्य रहेको डनले बताएको छ।

मे ९ देखि पञ्जाब प्रहरीले पार्टीका पदाधिकारी र सदस्यविरुद्ध प्रान्तभर २०५ वटा मुद्दा दायर गरेको छ। बिहीवार


तस्वीरः एपी

राति प्रहरी अधिकारी र पिटिआईका कार्यकर्ताबीच केहीबेर झडप भएको थियो।

प्रहरीले जेल रोडमा रहेको पिटिआईको कार्यालयमा संदिग्ध ठानिएका पार्टीका सदस्यलाई पक्राउ गर्नका लागि स्टेशनमा सूचना जारी गरेको थियो। पार्टीका सदस्यले प्रहरीलाई ढुङ्गा हानेको आरोपमा पक्राउ गरिएको छ।

अदालतबाट छोडिएपछि पिटिआई अध्यक्ष इमरान खानलाई स्वागत गर्न पार्टी समर्थक कार्यकर्ताहरू ठूलो सङ्ख्यामा भेला भएको खबर आएपछि शुक्रवार साँझ उनको जमान पार्क हवेली वरिपरि प्रहरीको उपस्थिति बढाइएको थियो।

पञ्जाब प्रहरीका प्रमुख डा उस्मान अनवरले शुक्रवार जारी गरेको विज्ञप्तिमा भनिएको छ, महत्त्वपूर्ण पूर्वाधार, सार्वजनिक र निजी सम्पत्ति दुवैमा आक्रमणका लागि जिम्मेवार अपराधीलाई कारबाही गरिनेछ, क्षमा दिइनेछैन। रासस

## अश्वेत नागरिकको घाँटी थिची हत्या

न्युयोर्क, ३० वैशाख/सिन्हवा

श्वेत अमेरिकी मरीन वेटर डेनियल पेनीले स्थानीय सबवे ट्रेनमा घरबारविहीन अश्वेत व्यक्ति जोर्डन नीलीलाई घाँटी थिचेर मरणासन्न पारी शुक्रवार बिहान न्युयोर्क प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन्। पेनीलाई शुक्रवार दिउँसो म्यानहटन फौजदारी अदालतमा उपस्थित गराइएको थियो।

मे १ मा नीलीको मृत्यु भएकै दिनमा न्युयोर्क प्रहरीले पेनीलाई सोधपूछ मात्र गरेर रिहा गरेको थियो। जसका कारण व्यापक विरोध प्रदर्शन भएको थियो।

मे ३ मा नीलीको हत्या भएको अनुसन्धानबाट पुष्टि भएपछि मुद्दा अगाडि बढाइएको छ।

म्यानहटन जिल्ला न्यायाधिवक्ताको कार्यालयका प्रवक्ताले बिहीवार पेनीलाई नरसंहारको आरोपमा पक्राउ गरिने बताएका छन्। रासस




### काठ चोर तस्कर ...

उठेको छ।

यता आफूहरूले गस्ती गर्ने नाकाभन्दा फरक खोलाबगरको नाकाबाट रातको समयमा गोलिया चोरी गरी ल्याउने भएकाले पनि आफूहरूलाई कुनै जानकारी नभएको वन समूहका पदाधिकारीहरू बताउँछन्। त्यस बस्तीमा करीब छ वर्षअघि छापामारी गर्दा वन कार्यालयले करीब २५ लाख मूल्यभन्दा बढीको सालको गोलिया, चिरान काठ बरामद गरेको थियो।

यसैगरी, कोल्हवी नपा–९ श्रीपुरबाट सालको गोलिया वन कर्मचारीले नियन्त्रणमा लिएको छ। सूचनाको आधारमा छापामारी गर्दा १७ थान २४.२२ क्यूफिट सालको गोलिया हालको बजार मूल्य अनुसार एक लाखको गोलिया बरामद भएको कोल्हवी सबडिभिजन वन कार्यालयका इन्चार्ज अब्दुल करिमले बताए।

### जनकपुरधाम उपमहानगर ...

दबाबलाई थेग्ने गरी आगामी आर्थिक वर्षको बजेटबाट ठोस पहलकदमी लिनुपर्ने बताए।

"आर्थिक अभाव देखाउँदै सङ्घ सरकारले बजेट कटौती गरेको छ। यो अवस्था आगामी दिनमा पनि रहेमा विकास निर्माण तथा नागरिकका आवश्यकता सम्बोधनमा समस्या हुन्छ। त्यसैले पनि आन्तरिक स्रोत वृद्धिमा जोड दिनुपर्नेछ," नगरप्रमुख साहले भने, "प्रतिकूलताका बीच पनि कसरी काम गर्ने, आम्दानीको स्रोत वृद्धिका उपाय के हुन सक्छन्, नागरिकलाई समस्याको बोध गराउँदै नियम अनुसारको कर तिर्न कसरी आकर्षित गर्ने र उपमहानगरले अझ बढी जिम्मेवारी एवं जवाफदेहितासहित कसरी प्रस्तुत हुने भन्ने विषयमा छलफल गर्छौं। त्यसले आगामी आवको बजेट तथा कार्यक्रमबाट निश्चित प्रतिफल दिनेछ।"

उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रत्नेश शशीले आन्तरिक आय बढाउने गरी पहिलेका नीतिको समीक्षा, सुधार र परिमार्जन, आगामी आवमा लिनुपर्ने प्रभावकारी नीति, कार्यक्रम र योजना, आम्दानीका सम्भावित स्रोत पहिचानलगायतका विषयमा गम्भीर छलफल गरी निष्कर्षमा पुग्ने बताए। उनले भने, "अब सङ्घ, प्रदेश वा अरूतिर समस्या देखाएर त केही हुँदैन। सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक वहन गर्नुपर्ने आवश्यकता छ। उपमहानगरको आन्तरिक स्रोतसाधन र आम्दानी बढाउने गरी बजेट बनाउन काम गरिरहेका छौं।"

उपमहानगरपालिकामा आव २०७८/७९ मा कुल रु एक अर्ब ५३ करोड ८७ लाख वार्षिक बजेटमध्ये आन्तरिक आयस्रोतको योगदान १३ करोड एक लाख रहने लक्ष्य राखिएकोमा ज्येष्ठ मसान्तसम्म रु ११ करोड ६४ लाख ४६ हजार (आन्तरिक राजस्व सङ्कलन) थियो। आव २०७९/८० को कुल बजेट रु एक अर्ब ८० करोड ७१ लाख ४५ हजारमध्ये रु १४ करोड ३१ लाख १० हजार आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा चैत मसान्तसम्म रु १० करोड ३४ लाख नौ हजार ७८६ सङ्कलन गरिएको उपमहानगरपालिका राजस्व शाखाको तथ्याङ्क छ।

उपमहानगरका प्रवक्ता तथा राजस्व शाखा प्रमुख परमेश्वरकुमार झाले आगामी आवमा २० देखि ३० प्रतिशत राजस्व वृद्धि गर्नेगरी आफूहरूले सम्भावित क्षेत्रको अध्ययन गरिरहेको जानकारी दिए। "अहिलेसम्म अधिकांश स्रोतका लागि सङ्घ सरकारको भर पर्नुपर्ने अवस्था छ। लक्ष्य अनुसारको राजस्व सङ्कलन भइरहे पनि त्यतिले मात्रै धेरै काम गर्न सकिँदैन," झाले भने, "आन्तरिक स्रोत वा राजस्व अभिवृद्धि गर्ने दायरा एक्कासि बढ्ने अवस्था नभए पनि हालको आन्तरिक आयमा २० देखि ३० प्रतिशत बढाउनुपर्ने सोचसहित तयारी गरिरहेका छौं।"

उपप्रमुखको नेतृत्वमा रहेको राजस्व परामर्श समितिले विभिन्न चारवटा उपसमिति बनाएर आन्तरिक आयवृद्धिका सम्भावित क्षेत्रको विस्तृत अध्ययन भइरहेको छ।

नगर कार्यपालिका सदस्य सन्तोष महतो नेतृत्वको समितिले पोखरी, राकेश विक्रम साह नेतृत्वमा हाटबजार, दीपेन्द्रकुमार साह नेतृत्वको समितिले घरजग्गा, घरधुरी, बहालकर र मनीषा देवीको नेतृत्वमा व्यवसाय दर्तामा देखिएका समस्या तथा सम्भावनाबारे अध्ययनको काम भइरहेको हो।

"प्रदेश राजधानी भएर पनि वीरगंज, विराटनगरजस्तो व्यापारिक कारोबार, आम्दानी र राजस्वको सुदृढ अवस्था यहाँ छैन तर पनि भएकै स्रोत पहिचान, परिचालन र व्यवस्थापन गरेर सबल कसरी हुने भनेर छलफल गरिरहेका छौं। आगामी आवमा पक्कै पनि केही सुधार हुनेछ," झाको भनाइ छ।

गुठी र मन्दिर नै मन्दिरको शहर भएपनि जनकपुरधाम उपमहानगरपालिकाले त्यसबाट प्रत्यक्ष लाभ लिन सकिरहेको छैन। २५ वटा वडामध्ये वडा नं १ देखि १३ सम्मको अधिकांश भूमिकर अर्थात् मालपोत गुठी संस्थानले उठाउँछ। भूमिकर शीर्षकमा उपमहानगरको कुल कर सङ्कलन लक्ष्य रु ६७ लाख मात्रै छ, त्यसमा पनि हालसम्म आधाभन्दा कम अर्थात् रु ३३ लाख मात्र सङ्कलन भएको छ। बहाल करको कुल लक्ष्य दुई करोड २० लाख मात्रै छ तर यो लक्ष्यभन्दा बढी नै सङ्कलन हुने गरेको छ। पोखरीको शहर भनेर चिनिए पनि अधिकांश पोखरी उपमहानगरको अधीनमा छैनन् र भएका पोखरीबाट पनि आर्थिक लाभ लिन सकिएको छैन।

यी सबै समस्या, सम्भावना र आवश्यकतालाई दृष्टिगत गरी अध्ययन गरिरहेका चारवटा उपसमितिको अध्ययन प्रतिवेदन र सुझाव अनुसार आन्तरिक आम्दानीको हिस्सा बढाउने गरी काम गर्ने उपमहानरपालिकाको योजना छ। त्यसबाहेक करको दायराभन्दा बाहिर रहेका विद्युतीय रिक्सासम्बन्धी कानून बनाएर लागू गर्ने, भानुचोकमा निर्माणाधीन व्यावसायिक भवनको प्रयोग, पिकनिकस्थल विकास र पोखरीको सौन्दर्यीकरण गरी आम्दानी बढाउन सकिने उपमहानगरपालिकाको विश्वास छ।

प्रशासकीय अधिकृत शशीले आव २०७४/७५ देखि चलिरहेको करको दर र दायराबारे समीक्षा, दुई वर्षदेखि रोकिएको विज्ञापनको टेन्डर, प्राथमिकता निर्धारण गरी योजना छनोट र बजेट विनियोजनमा जोड दिने बताइरहँदा उपमहानगर प्रमुख साहले पनि बेरुजू फछ्र्योट, फोहर व्यवस्थापन र शिक्षा क्षेत्रमा सुधार ल्याउने गरी आगामी आवमा बजेट तथा कार्यक्रम ल्याउने गरी तयारी भइरहेको बताए।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | अलमल | कर्कट | रोगभय |
| सिंह | व्यापारलाभ | कन्या | शत्रुभय |
| तुला | ज्ञानोदय | वृश्चिक | उदरपीडा |
| धनु | मित्रमिलन | मकर | कान्तिक्षय |
| कुम्भ | धनलाभ | मीन | व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**हिमालयन डिस्टिलरी लिमिटेड**
**वीरगंज, पर्सा**

## सवारीसाधनहरू बिक्रीसम्बन्धी सूचना

यस कम्पनीको नाममा रहेका तपसिल बमोजिमका सवारीसाधन जेजस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्ने भएकोले खरीद गर्न इच्छुक फर्म/कम्पनी/सङ्घसंस्था वा व्यक्तिलाई यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्रमा तपसिलको ठेगानामा सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त सवारीसाधनहरू कम्पनीको कार्यालयमा सम्पर्क गरी उपर्युक्त सवारीसाधनहरू रहेको निम्न बमोजिमका स्थानमा गई निरीक्षण गर्न सकिन्छ।

| क्र.सं. | सवारीसाधन विवरण | दर्ता नं. | सि.सि. | बनेको वर्ष | स्थान |
|---|---|---|---|---|---|
| १ | Eicher Skyline Minibus | बा १ क ६२७४ | ३२९८ | २००८ | परवानीपुर, वीरगंज |
| २ | Yamaha SZR | बा ५४ च ८८८० | १५३ | २०१२ | जावलाखेल |

**बोलपत्र पेश गर्ने ठेगाना** :
हिमालयन डिस्टिलरी लिमिटेड, प्रधान कार्यालय, वीरगंज महानगरपालिका वडा नं २१, पर्सा
सम्पर्क व्यक्ति : नवीन उपाध्याय (मो.नं ९८२३९२५०००)

**शर्तनामा** :
१) प्राप्त बोलपत्र पूरै वा आंशिक स्वीकार वा अस्वीकार गर्ने निर्णयको पूर्णाधिकार कम्पनीमा निहित रहेको छ।
२) प्रति दुई पाङ्ग्रे सवारी रु ५,०००/– (अक्षरेपि पाँच हजार मात्र) र चार पाङ्ग्रे सवारी रु २५,०००/– (अक्षरेपि पच्चीस हजार मात्र) नगद धरौटी बुझाइ बोलपत्र पेश गर्नुपर्नेछ। नगद धरौटी नबुझाइ पेश गरेको बोलपत्र रद्द हुनेछ।
३) स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना प्रेषित गरेको मितिबाट १५ (पन्ध्र) दिनभित्र आफूले कबोल गरेको प्रस्तावित रकमको पूरै भुक्तानी गरी उक्त सवारीसाधन सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी नलगेको अवस्थामा बोलपत्र धरौटीबापतको रकम कम्पनीले जफत गर्नेछ।
४) माथि उल्लिखित ठेगानाबाट बोलपत्र फाराम निश्शुल्क प्राप्त हुनेछ।
५) इच्छुक बोलपत्रदाताले व्यक्तिको हकमा आफ्नो नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फारामको साथमा धरौटी रकम जम्मा गरेको भौचरसहित सिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ। यदि बोलपत्रदाता कम्पनी वा संस्था भएमा कम्पनी वा संस्थाको बोलपत्र पेश गर्नको लागि गरिएको आधिकारिक निर्णयको प्रमाणित प्रतिलिपि र उक्त कार्यको लागि आधिकारिक व्यक्तिलाई अख्तियारी प्रत्यायोजन गरिएको निर्णयको प्रमाणित प्रतिलिपि तथा बोलपत्रको धरौटी रकम जम्मा गरेको भौचरको सक्कल प्रतिसहित सिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ।
६) आवश्यक कागजात बोलपत्रको साथमा पेश नगरिएको, रीत नपुगेको र बोलपत्र पेश गर्ने म्याद नाघिआएका बोलपत्रहरू स्वयम् रद्द हुनेछन्।

**प्राप्त बोलपत्रसम्बन्धी निर्णय गर्ने पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।**

# मनोज स्मृति पत्रकारिता पुरस्कार झालाई दिने निर्णय

प्रस, रौतहट, ३० वैशाख/

नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाले स्थापना गरेको 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार' २०८० राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झालाई प्रदान गर्ने निर्णय भएको छ। २५ हजार राशिको यो पुरस्कार आगामी जेठ २० गते कार्यक्रम गरी रासस अध्यक्ष झालाई प्रदान गरिने सचिव मदन ठाकुरले बताए।

पत्रकार मनोजकुमार चौधरीको कोरोना सङ्क्रमणका कारण ४१ वर्षको उमेरमा २०७८ वैशाख २८ गते निधन भएको थियो।

उनको स्मृतिमा नेपाल पत्रकार महासङ्घ, रौतहटले 'मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार'को स्थापना गरेको थियो। गत वर्ष यो पुरस्कार गोरखापत्रका नायब कार्यकारी सम्पादक कुमार विवेकानन्द मिश्रलाई प्रदान गरिएको थियो।

# भन्सार छलीका चामल बरामद



प्रस, वीरगंज, ३० वैशाख/

भन्सार छली भित्रिएको चामल वडा प्रहरी कार्यालय, बिर्ताले बरामद गरेर वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

जिप्रका, पर्साले जनाए अनुसार वप्रका, बिर्ताका प्रहरी निरीक्षक विदुर सिवाकोटी नेतृत्वको प्रहरी टोलीले वीरगंज महानगर–११ रानीघाटस्थित प्रकाश गुप्ताको पसलअगाडिबाट ७४ बोरा चामल बरामद गरी आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय पठाएको छ। सूचनाको आधारमा भन्सार छलीका चामल भण्डार गरिएको स्थानबाट चामल बरामद गरिएको प्रनि सिवाकोटीको दाबी छ।

# निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न

प्रस, सिम्रौनगढ, ३० वैशाख/

सिम्रौनगढ नपा–७ कङ्काली माविमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

ज्वालादल गण कलैयाको आयोजनामा भएको स्वास्थ्य शिविरमा १२ सयजनाको स्वास्थ्य परीक्षण गरिएको बताइएको छ।

चार सय पुरुष, सात सय महिला र एक सय बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको सेनाका चिकित्सक मेजर कृष्णदेव साहले बताए।

बाल, स्त्री, आँखा, नाक, कान, घाँटी, छाला, दाँत, हाड आदिको निश्शुल्क जाँच गरिनुका साथै औषधि पनि निश्शुल्क वितरण गरिएको थियो।



तस्वीरः प्रतीक

# हरदासपुरमा शिक्षक नियुक्तिमा अनियमितता

प्रस, परवानीपुर, ३० वैशाख/

पर्सागढी–४ छोटैली हरदासपुरस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा शिक्षक नियुक्तिमा अनियमितता भएको छ।

परीक्षार्थीहरूले अनियमितता भएको आरोप लगाएका छन्।

पर्सागढी–३ बिरुवाचोक बस्ने रेणुकुमारी यादवले सेटिङमा परीक्षा भएको र शिक्षक छनोट प्रक्रिया सम्पन्न गरिएको आरोप लगाइन्। २०३८ सालमा स्थापना भएको सो विद्यालयमा कक्षा ८ सम्म पढाइ हुन्छ।

दुई स्थायी, एक राहत, एक निजी स्रोत, दुई बालविकास र एकजना सहयोगी गरी सातजना कर्मचारी रहेको विद्यालयमा निमावि र प्रावि राहत दरबन्दीमा वैशाख १० गते आवेदन गरिएको थियो भने आज परीक्षाका कार्यक्रमहरू थिए। वस्तुगत परीक्षाको क्रममा रेणुकुमारी यादवले हरदासपुरकै अनिलभगत मालीले सादा परीक्षापत्रमा हस्ताक्षर मात्र गरेर दिएको देख्दा परीक्षाको औचित्यमाथि प्रश्न उठाउँदै होहल्ला गरेकी थिइन्। त्यपसछि अन्य परीक्षार्थीका परिवारजनले पनि विद्यालयले सञ्चालन गरेको परीक्षा माथि प्रश्न उठाएका थिए।

दुईवटा शिक्षकको लागि जनही सात लाख रुपियाँ घूस लिएर शिक्षक नियुक्ति गर्न लागिएको आरोप लगाइएको छ। शिक्षक नियुक्तिमा विद्यालयका प्रअ जगतनारायण चौधरी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरेन्द्रराउत कुर्मी, पर्सागढी नपाका शिक्षा प्रमुख देव गिरीले मिलेमतो गरी शिक्षक नियुक्ति गरेको आरोप छ।

शिक्षक नियुक्तिमा अनियमितता भएको सम्बन्धमा विद्यालयका प्रअ चौधरीसँग बुझ्दा उनले सबै आरोप निराधार भएको बताउँदै परीक्षामा पास हुनेलाई मात्र छनोट समितिले नियुक्त गर्ने दाबी गरे।






# खेलकूदको संसार

## कराँटे खिलाडीलाई बेल्ट प्रदान

प्रस, वीरगंज, ३० वैशाख/

माउन्ट एभरेस्ट क्लब अफ वीरगंज, पर्साले ३५ जनालाई बेल्ट प्रदान गरेको छ।



मकवानपुर सिनक्यूकोसिनका फुल कन्टयाक्ट मार्शल आर्टका शाखा प्रमुख किशोर श्रेष्ठ, पर्सा फूटबल सङ्घका अध्यक्ष रोशन कलवार, समाजवादी युवा सङ्घका केन्द्रीय उपमहासचिव तथा क्लबका उपाध्यक्ष सरोज यादव, समाजवादी युवा सङ्घका अध्यक्ष गौरव वर्मा, सहायक प्रशिक्षक सम्राटकुमार यादव, क्लबका अध्यक्ष प्रमुख प्रशिक्षक रवि कुमारलगायतको सहभागितामा बेल्ट अपग्रेडिङ भएका ३५ जनालाई बेल्ट प्रदान गरिएको थियो।

शिवम साह, निश्चिता आले, रोहन सर्राफ, आदर्श चौधरी, रिडम बानियाँ, इमेनजेलिता भट्ट, एलिशा महर्जन, प्रज्ञा झा, राक्सी न्यौपाने, सुइना श्रेष्ठ, प्रार्थना डङ्गोल, शुभम चौरसिया, सत्यम थापा, सक्षम थापा, प्रीति मिश्र, सागर चौधरी, कनिश लोहिया, बाबुजान अन्सारीलाई ब्राउन, ग्रीन, येलो, ब्लू र आरेन्ज बेल्ट प्रदान गरिएको क्लबका अध्यक्ष मुख्य प्रशिक्षक रवि कुमारले बताए।

## शिक्षाको लागि दौड प्रतियोगिता

प्रस, वीरगंज, ३० वैशाख/

राउन्ड टेबल नेपालको आयोजनामा शनिवार वीरगंजमा शिक्षाको लागि दौड प्रतियोगिता सम्पन्न भएको छ।

आदर्शनगर पुरानो बसपार्कबाट शुरू भएको चार किलोमिटरको म्याराथन दौडमा अमरनाथ साह प्रथम भएका छन्।



तस्वीरः प्रतीक

उनलाई नगद १० हजार प्रदान गरिएको छ। दौडमा शत्रुघ्न पटेल दोस्रो, आलोक झा तेस्रो भए। उनीहरूलाई क्रमशः रु पाँच हजार र अढाई हजार प्रदान गरिएको संस्थाका दिपाल खन्नाले बताए।

सान्त्वना पुरस्कार पाएका चौथोदेखि आठौंसम्मकालाई जनही पाँच सय रुपियाँ पुरस्कृत गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि जयन्त अग्रवाल, हिमालयन बैंक वीरगंजका शाखा प्रबन्धक अमर अमात्य, राउन्ड टेबलका सौरभ केडिया, आरोहण मित्तल, वीरगंज फ्रेन्ड्स राउन्ड टेबलका मनीष लाठ, आकाश सर्राफलगायतले नगद पुरस्कार वितरण गरेका थिए।

# राहदानी तथा राष्ट्रिय परिचयपत्रको फाराम निश्शुल्क

प्रस, रौतहट, ३० वैशाख/

जिल्ला प्रशासन कार्यालय, रौतहटले निश्शुल्क राहदानी तथा राष्ट्रिय परिचयपत्रको फाराम भर्ने भएको छ। सेवाग्राहीको सुविधालाई ध्यानमा राखी जेठ १ गतेबाट निश्शुल्करूपमा फाराम भर्ने व्यवस्था मिलाइएको जिप्रका, रौतहटले जनाएको छ।

राहदानी तथा राष्ट्रिय परिचयपत्र फाराम भर्ने बहानामा सेवाग्राहीबाट विभिन्न व्यक्ति तथा फर्महरूले अस्वाभाविक शुल्क लिई अनलाइन फाराम भरेको जनगुनासोको आधारमा सेवाग्राहीहरूको सुविधाका लागि कार्यालयबाट नै फाराम निश्शुल्क भर्ने व्यवस्था मिलाइएको जिप्रका, रौतहटले जनाएको छ।

शुल्क लिई कुनै व्यक्ति वा फर्महरूले राहदानी तथा राष्ट्रिय परिचयपत्र फाराम नभर्न, नभराउनसमेत जिप्रकाले अनुरोध गरेको छ। सूचनाको बर्खिलाप हुनेगरी कसैले शुल्क लिएर अनलाइन फाराम भरेको पाइए प्रचलित कानूनबमोजिम कारबाही हुने प्रजिअ धर्मेन्द्रकुमार मिश्रले बताए।


## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

**यसका लक्षणहरू;**

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निद्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसूस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**

- परिवार, साथीभाइ तथा समाजमा घुलमिल हुने,
- नियमितरूपमा शारीरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धूमपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
- बुबाआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# विद्यालयमा पानी फिल्टर जडान

प्रस, पर्सागढी, ३० वैशाख/

इसिपी नेपाल, चन्द्रनिगाहपुरले पर्सागढीस्थित जनता मावि पकडिया बडनिहारमा शुद्ध पानीको लागि फिल्टर जडान गरेको छ।

बालबालिकाहरूले चापाकलको प्रयोग गर्नु नपरोस् र उनीहरूले शुद्ध पानी पिऊन् भन्ने उद्देश्यले फिल्टर जडान गरिएको वडाध्यक्ष सुकमान तामाङले बताए। फिल्टर जडान गरेकोमा इसिपी नेपाल, चपुरलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीले धन्यवाद ज्ञापन गरे।



तस्वीरः प्रतीक

# सडक दुर्घटनामा एकजनाको मृत्यु

प्रस, सेढवा, ३० वैशाख/

थारू कल्याणकारी समिति, पर्साका उपाध्यक्ष गौतम चौधरीको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ।

शुक्रवार राति ८ बजे जीराभवानी गापा–४ सुपौलीबाट वीरगंज घर आउने क्रममा हुलाकी सडकमार्गको रामनगरीमा मोटरसाइकल दुर्घटना भएर चौधरीको मृत्यु भएको जनाइएको छ।

वीरगंज महानगर–२७ बसडिल्वा घरमा उनको शवलाई थारू कल्याणकारी समितिको झन्डा ओढाएर सम्मान प्रदान गरिएको सचिव मनोज चौधरीले बताए।

उपाध्यक्ष चौधरी पेशाले भूमिसुधार तथा मालपोत कार्यालय पर्सामा लेखापढी गर्थे। उनको आजै अन्तिम संस्कार गरिएको छ।

# सवारी दुर्घटनामा नागेन्द्रको मृत्यु

प्रस, परवानीपुर, ३० वैशाख/

वीरगंज–पथलैया सडकखण्डको जीतपुरसिमरा उपमहानगरपालिका–२३ भलुही चोकमा शुक्रवार बिहान ७ बजे सवारी दुर्घटना हुँदा पर्सा जिल्ला, कालिकामाई गापा–२ बस्ने ५१ वर्षीय नागेन्द्रमहतो नुनियाको घटनास्थलमा मृत्यु भएको छ।

ना.६ख ९३६१ नम्बरको वीरगंज नारायणघाट चल्ने बसमा हेटौंडा गइरहेको अवस्थामा प्रदेश २–३–००१ च २४५२ नम्बरको पिकअप भ्यान बससँग ठाँसिंदा उक्त दुर्घटना भएको हो। बसमा सवार नुनियाको टाउको झ्यालबाट बाहिर निस्किएको अवस्थामा पिकअप भ्यान बससँगै ठाँसिएपछि नुनियाको टाउकोमा गम्भीर चोट लागेर मृत्यु भएको थियो।



बस एवं पिकअप भ्यान प्रहरीको नियन्त्रणमा रहेको छ।